# शिक्षक छनौट परीक्षा संचालन कार्यविधि, २०७४

कार्यपालिकाबाट स्वीकृत मितिः- २०७४/०९/१३

बंगलाचुली गाउँपालिका

कमिरेचौर, दाङ

**प्रस्तावना :**

नेपालको संविधानको धरा ३१ मा उल्लेखित शिक्षा सम्वन्धी हक : उपधारा (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । उपधारा (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । उपधारा (३) अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ । उपधारा (४) दृष्टि विहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्वन्धी अपाङगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ । (५) नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ । संविधान प्रदत्त शिक्षा सम्वन्धी यस्तै अधिकारलाई सुनिश्चितता प्रदान गर्न शिक्षक छनौट परीक्षालाई व्यवस्थित र मर्यादित बनाई योग्य एवम् सक्षम जनशशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न र सामुदायीक विद्यालयमा प्रधानाध्यापक, करार शिक्षक वा नीजि स्रोत शिक्षक नियुक्तिका लागि सिफारिस गर्न समुदायद्धारा संचालित विद्यालयमा सामुदायिक शिक्षक, अन्य शिक्षक तथा प्रधानाध्यापकको नियुक्ति र त्यसरी नियुक्त भएका शिक्षकको बढुवाको लागि सिफारिस गर्न नेपालको संविधान २०७२ मा उल्लेख भएको शिक्षा सम्वन्धी व्यवस्था, शिक्षा ऐन २०२८ (नवौं संशोधन) तथा नियमावली २०५९ (संशोधन सहित) को नियम १९२ खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षक छनौट परीक्षा संचाचलन कार्यविधि २०७४ वंगलाचुली गाउँपालिका दाङ अर्न्तगतका सम्पूर्ण सामुदायीक विद्यालयहरुमा लागु हुने गरी वंगलाचुली गाउँ कार्यपालिको मिति २०७४/०९/१३ गतेको बैठकले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद –१

### . संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस कार्यविधिको नाम शिक्षक छनौट परीक्षा संचालन कार्यविधि २०७४ रहेको छ ।

१.२ यो कार्यविधि वंगलाचुली गाउँपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१ "विद्यालय" भन्नाले कक्षा १–१२ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्दछ ।

२. "विषय विशेषज्ञ" भन्नाले आधारभूत तह काक्षा (१–८) र माध्यमिक तह (९–१२) सम्म शिक्षक छनौट परीक्षा संचालनका लागि यस गाउँपालिकाबाट सूचिकृत भएका प्राथमिक, निम्न माध्यमिक, माध्यमिक तहका शिक्षकहरु र वंगलाचुली गाउँपालिकाका स्रोतव्यक्तिलाई सम्झनु पर्दछ ।

३."गाउँपालिका" भन्नाले वंगलाचुली गाउँपालिका सम्झनु पर्दछ ।

४. "विद्यालय कर्मचारी" भन्नाले विद्यालय सहयोगी, विद्यालय सहायक वा शिक्षक बाहेक विद्यालयमा नियमित रुपमा हाजिर भई तलव भत्ता लिने अन्य कर्मचारी बुझ्नु पर्दछ ।

५."समिति" भन्नाले शिक्षक छनौट समितिलाई सम्झनु पर्दछ ।

६. “शिक्षक” भन्नाले वालविकास देखि कक्षा १२ सम्म अध्यापनका लागि खटिएको व्यक्तिलाई सम्झनु पर्दछ।

## परिच्छेद–२
## शिक्षक छनौट समितिको संरचना

२.१ सामुदायिक विद्यालयमा प्रधानाध्यापक, करार शिक्षक वा निजीस्रोत शिक्षक नियुक्तिका लागि सिफारिस गर्न समुदायद्धारा संचालित विद्यालयमा सामुदायिक शिक्षक, अन्य शिक्षक तथा प्रधानाध्यापकको नियक्ति र त्यसरी नियुक्त भएका शिक्षकको बढुवाको लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षकको नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहने छ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य –संयोजक

(ख) सम्वन्धीत गाउँपालिकाको विद्यालय निरीक्षक–सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नुपरेमा सम्वन्धीत विषयमा स्नातकोत्तर गरेको र अन्य तहको लागि कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्वन्धीत तहको दश महिने तालिम वा सो सरह तालिम हाँसिल गरी विषय विज्ञमा सूचीकृत व्यक्तिहरु मध्येबाट उयपलव्ध भएसम्म १ जना महिला समेतको प्रतिनिधित्व हुनेगरी व्यवस्थापन समितिले मनोनित गरेको २ जना विषय विशेषज्ञ–सदस्य

(घ) सम्वन्धीत विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

२.२ उप नियम २.१ (ग) वमोजिम शिक्षक छनौट समितिमा विषय विशेषज्ञ छनौट गर्दा स्रोतव्यक्तिको विषय र आवश्यक न्युनतम शैक्षिक योग्यता नपुग हुने देखिएमा नियमानुसार २ जना विषय विशेषज्ञ छनौट गरी स्रोतव्यक्तिलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

## परिच्छेद–३
## शिक्षक र प्रधानाध्यापक छनौट सम्वन्धी प्रक्रिया

३.१ प्रधानाध्यापकको नियुक्तिका लागि सिफारिस गर्न बसेको परिच्छेद २ बमोजिमको शिक्षक छनौट समितिको बैठकमा सो विद्यालयको प्रधानाध्यापक उम्मेदवार भएमा उपलव्ध वरिष्ठतम शिक्षकलाई सम्वन्धित विद्यालय व्यवस्थापन समितिले सदस्य सचिव भई कामकाज गर्न तोक्नेछ ।

३.२ सामुदायीक विद्यालयमा १ मात्र शिक्षक रहेको र निज स्वयम् नै उम्मेदवार हुने अवस्थामा सम्वन्धित विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाको शिक्षा प्रमुखले अन्य विद्यालयको प्रधानाध्यापकलाई सदस्य सचिव भई कामकाज गर्न तोक्नेछ ।

३.३ उपनियम २.१ बमोजिमका मनोनित सदस्यको पदावधि शिक्षक छनौट प्रक्रिया पूरा गरी विद्यालय व्यवस्थापन समिति समक्ष शिक्षक नियुक्तिका लागि सिफारिस नगरेसम्म हुनेछ ।

३.४ शिक्षकछनौट समितिको सचिवालय सम्वन्धीत विद्यालय वा शिक्षक छनौट समितिले तोकेको स्थानमा हुनेछ ।

३.५ शिक्षक छनौट समितिले शिक्षक छनौटका लागि लिइने लिखित परीक्षा तथा अन्तर्वार्ता समितिले तोकेको स्थानमा हुनेछ तर प्राविधिक धारका विषय अध्यापन गर्ने शिक्षक/प्रशिक्षक छनौट गर्दा प्रयोगात्मक परीक्षा सम्वन्धित विषयको प्रयोगशाला (Lab) भएको स्थानमा राख्नु पर्नेछ ।

३.६ विषय विशेषज्ञको छनौट गर्दा तोकिएको योग्यता पुगेका व्यक्तिहरुको गाउँपालिकावाट स्वीकृत विषय विशेषज्ञ सूचीबाट गोलाप्रथाद्धारा छनौट गर्नुपर्नेछ ।

३.७ शिक्षक छनौट समितिको बैठक सम्वन्धि कार्यविधि सो समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

३.८ सम्वन्धीत विद्यालयको शिक्षकलाई विषय विशेषज्ञको रुपमा मनोनित गर्न पाइने छैन ।

३.९ विषय विशेषज्ञको लागि गाउँपालिकाले प्रत्येक शैक्षिक सत्रको शुरुमा आवेदन गर्न सक्नेछ र विषय विशेषज्ञको सूचीलाई अद्यावधिक गरिनेछ ।

३.१० गाउँपालिकाबाट स्वीकृत गरिएको यस कार्यविधिलाई शिक्षक छनौट समितिले पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

३.११ विषय विशेषज्ञको सूचीमा सूचीकृत हुनका लागि ईच्छुक व्यक्तिले आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसारका सम्वन्धित तह तथा विषयको २।२ उत्तरकुञ्जिका सहितको प्रश्नपत्र यस गाउँपालिकामा बुझाउनु पर्नेछ ।

३.१२ विषय विशेषज्ञद्धारा निर्मित प्रश्नपत्रलाई कार्यकारी अधिकृतले आवश्यकता अनुसार सम्वन्धित विषयको विषय विशेषज्ञ समेतको सहयोग लिएर मोडेरेशन गरी प्रश्नपत्रलाई अन्तिम रुप दिई सिलबन्दी गरेर प्रश्नपत्र बैंकमा राख्नेछ । उक्त मोडेरेशन गर्दा लाग्ने खर्च गाउँपालिकाबाट नियमानुसार व्यवस्था गरिनेछ ।

३.१३ कुनै विद्यालयमा शिक्षक, विद्यालय कर्मचारी, प्रधानाध्यापक दरवन्दी रिक्त हुन गएमा र निजीस्रोत शिक्षकको व्यवस्था गर्नु परेमा (निजीको हकमा तलव स्रोतको समेत आँकलन गरी) गाउँपालिकाबाट अनुमतिपत्र प्राप्त गरी खुला प्रतिस्पर्धाका लागि १५ दिनको समय दिई सम्वन्धीत विद्यालयले विद्यालयको सूचना पाटी, गाउँपालिकाको कार्यालय, सार्वजनिक स्थान तथा स्थानिय पत्र पत्रिकामा सूचना प्रकाशन गरी सो को मुचुल्का भर्पाइ लिएर विज्ञापन प्रकाशन गर्नुपर्नेछ । यसरी विज्ञापन गर्दा पहिलो साता शिक्षक सेवा आयोगद्धारा अस्थायी करार सूचीमा उल्लेखित उम्मेदवारद्धारा दरखास्त आव्हान गर्ने । सो अवधीमा कुनै पनि उम्मेदवारको दरखास्त नपरेमा ८ औं दिनदेखि तोकिएको योग्यता पुगेको उम्मेदवारबाट दरखास्त दिने व्यवस्था मिलाउने ।

३.१४ उपनियम ३.१३ अनुसारको विज्ञापन सामान्यतया प्रत्येक महिनाको १६ गते प्रकाशन गरिने छ ।

३.१५ दरखास्त प्राप्त भई सकेपछि छानबिन गरी रित पुगेको दरखास्तलाई दर्ता गरी दरखास्त वालालाई प्रवेशपत्र प्रदान गर्नुपर्नेछ । साथै स्वीकृत नामावलीको सूची टाँस गरी उम्मेदवारलाई लिखित तथा अन्तरवार्ताको मिति समेत जानकारी गराउनु पर्नेछ ।

३.१६ दरखास्त शुल्क शिक्षक सेवा आयोगले तोके भन्दा बढी हुने छैन ।

## परिच्छेद–४

## लिखित परीक्षा, अन्तरवार्ता र योग्याताक्रम सम्वन्धी व्यवस्था

४.१ परिच्छेद ३ मा व्यवस्था भए अनुसार शिक्षक समितिले परीक्षा हुने मिति, समय र केन्द्र तोक्नेछ ।

परीक्षा संचालन गर्नेछ। सामान्यतया परीक्षा प्रत्येक महिनाको ६ गते हुनेछ।

४.२ समितिले लिने लिखित परीक्षाको पूर्णाङ्क १००, अन्तरवार्ता २५ र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा २५ अंकको हुनेछ। लिखित परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ।

४.३ गाउँपालिकाको कार्यकारी अधिकृतको जिम्मामा रहेको प्रश्नपत्र बैंकबाट विद्यालय निरीक्षक वा सो कामगर्न तोकिएको कम्तीमा अधिकृत स्तरको कर्मचारीको रोहबरमा प्रधानाध्यापक र छनौट समितिको संयोजकले परीक्षा संचालन हुनुभन्दा अगाडि सिलबन्दी खाम छनौट गर्नेछन्।

४.४ उपनियम ४.३ अनुसारको प्रश्नपत्र अधिकृत स्तरको प्रतिनिधिको रोहबरमा गोप्यरुपमा फोटोकपी गरी परीक्षा संचालन गर्नुपर्नेछ। परीक्षा संचालन गर्न विषय विशेषज्ञको उपस्थिति अनिवार्य हुनेछैन।

४.५ गाउँपालिकाको विद्यालय निरीक्षक वा सोको काम गर्न तोकिएको कर्मचारीद्वारा उत्तरपुस्तिकाको गोप्य कोड नंवर कायम गरी निजकै रोहवरमा सम्वन्धीत परीक्षा केन्द्रको हाता भित्र सम्वन्धीत विषय विशेषज्ञद्धारा उत्तर पुस्तिका परीक्षण गराईनेछ।

४.६ अन्तरवार्ताको अंक विभाजन गर्दा शिक्षा आयोगले स्थायी शिक्षक छनौटका लागि तोके अनुसार हुनेछ। सामान्यतया अन्तरवार्तामा ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अंक दिन पाइने छैन। सो भन्दा बढी वा घटी दिनु परेमा सबै सदस्यले कारण खुलाई मुचुल्क गर्नुपर्नेछ।

४.७ विषयको प्रकृति हेरी आवश्यक ठानेमा समितिले प्रयोगात्मक परीक्षा लिनेछ। तर लिखित परीक्षा अगाडि वा अन्तरवार्ता पछि प्रयोगात्मक परीक्षा लिन पाइने छैन।

४.८ लिखित,मौखिक र आवश्यकता अनुसार प्रयोगतात्मक परीक्षा समेत लिईसकेपछि उत्तीर्ण सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवार मध्येबाट आवश्यक संख्या भन्दा कम्तीमा एक तिहाइ उम्मेदवारको नाम थप गरी अन्तरवार्ताको लागि उम्मेदवारको वर्णानुक्रम अनुसार नाम प्रकाशन गरिनेछ। तर अन्तिम क्रम संख्यामा १ जना भन्दा बढी उम्मेदवार बराबर अंक प्राप्त गरेमा त्यस्तो सबै उम्मेदवारको नाम प्रकाशन गरिनेछ।

४.९ उपनियम ४.२ बमोजिम उत्तीर्णङ्क प्राप्त गर्ने उम्मेदवार आवश्यक संख्यामा नभएमा जति जनाले उत्तीर्णाङ्क प्राप्त गरेका छन् त्यतिनै उम्मेदवारको नाम प्रकाशन गरिनेछ।

४.१० शिक्षक छनौट समितिले लिखित (आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा) अन्तरवार्ता परीक्षाबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ। यसरी परीणाम प्रकाशन गर्दा दोस्रो बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम बैकल्पिक सूचीमा राख्नुपर्नेछ।

४.११ शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्ति गरी सो को जानकारी गाउँपालिकाको शिक्षा शाखामा दिनुपर्नेछ।

४.१२ देहायको अवस्थामा विद्यालय व्यवस्थापन समितिले बैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई नियुक्ति गर्न सक्नेछ।

क) सिफारिस गरेको उम्मेदवारले १५ दिन भित्र नियुक्ति नलिएमा।

ख) सिफारिस गरेको उम्मेदवारको मृत्यु भएमा, निजले राजिनामा दिएमा ।

ग) नियुक्तिपत्र बुझेको मितिले ७ दिन भित्र हाजिर नभएमा

तर शिक्षक छनौट समितिले सिफारिस गरेको मितिले १ वर्ष नाघेपछि कुनै पनि बैकल्पिक उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्त गर्नसक्ने छैन।

४.१३ नियम ४.१२ बमोजि नियुक्ति भएको बैकल्पिक उम्मेदवारको जानकारी सम्वन्धीत विद्यालय व्यवस्थापन समितिले गाउँपालिकालाई दिनुपर्नेछ ।

४.१४ शिक्षक छनौट सम्वन्धी सम्पूर्ण निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनुपर्नेछ ।

४.१५ छनौट समितिका पदाधीकारीहरु वा विषय विज्ञ र उम्मेदवारका बिच कानूनले तोके अनुसारको नजिकको नाता सम्वन्ध रहेको अवस्थामा उक्त नाता पर्ने व्यक्ति समितिमा रहने छैन ।

४.१६ समितिका पदाधिकारी वा विषय विज्ञले प्रति बैठक रु. १०००/ (एक हजार) का दरले बढीमा ३ वटा बैठकको पारिश्रमिक लिन पाउने छ । तर उत्तर पुस्तिका परीक्षण, प्रश्नपत्र निर्माण बाफत अतिरिक्त पारिश्रमिक लिन सकिनेछ ।

४.१७ परीक्षा सम्वन्धी तोकिएको सम्पूर्ण खर्चको व्यवस्था सम्वन्धीत विद्यालयले गर्नुपर्नेछ ।

## परिच्छेद–५
## करारमा शिक्षक नियुक्ति सम्वन्धी व्यवस्था

५.१ गाउँपालिकाबाट दरबन्दी रिक्त रहेको ब्यहोरा प्रमाणित गराई अनुमति लिएर मात्र करारमा शिक्षक नियुक्तिका लागि विज्ञापन गर्न सकिने छ। आधारभूत (६–८) र माध्यमिक तह (९–१२) मा विषय मिल्नेगरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

५.२ विद्यालय व्यवस्थापन समितिले शिक्षक छनौट सिमितिको सिफारिसमा बढीमा १ शैक्षिक सत्रका लागि कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्त गर्न सक्नेछ ।

५.३ करारमा शिक्षक नियुक्त भएको १ शैक्षिक सत्र भित्र पनि सो पदमा स्थायी पद पूर्ति नभएमा विद्यालय व्यवस्थापन समितिले यसरी पद पूर्ति नभएसम्मका लागि १ पटकमा ६ महिना नबढाई करारको म्याद थप्न सक्नेछ । यसरी म्याद थपेको जानकारी विद्यालयले गाउँपालिकालाई दिनुपर्नेछ ।

५.४ यस कार्यविधि बमोजिमको प्रक्रिया नपुऱ्याई शिक्षक, विद्यालय कर्मचारी नियुक्त गरिएमा गाउँपालिकाको विद्यालय निरीक्षक/शिक्षा हेर्ने अधिकारीले त्यसरी नियुक्त भएको ६ महिनासम्म त्यस्तो निर्णय बदर गर्न वा आवश्यक कारवाही गर्न गाउँपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद– ६
## विविध

६.१ यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

६.२ यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा शिक्षा ऐन २०२८ (नवौं संशोधन), शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावलीमा भएको व्यवस्था अनुसार हुनेछ ।

६.३ यस कार्यविधिमा उल्लेख भएका कुनैपनि प्रावधान प्रचलित ऐन कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वत: खारेज हुनेछ ।

६.४ यस कार्यविधिलाई वंगलाचुली गाउँपालिका गाउँसभा वा गाउँकार्यपालिकाको दुई तिहाई बहुमतबाट आवश्यक संशोधन वा खारेजी गर्न सकिनेछ ।